# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## तलकोट गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।७७ मिति: २०७७/०३/२६

च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
तलकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं मितिः २०७७।३।२६

श्री अध्यक्षज्यू,
तलकोट गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **तलकोट गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ४ करोड ३१ लाख ७४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड ७ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु.२५ लाख ४८ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड १७ लाख २० हजार र रु ८१ लाख ६१ हजार पेश्की बाँकी रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहित आवश्यक प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १४ (चौध) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**


आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

## ्महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

# तलकोट गाउँपालिका,बझाङ
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ । यो गाउँपालीका अर्न्तग ७ वडा रहेका छन्।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

तलकोट गाउँपालिका

| सि.नं. | आयतर्फ विवरण | रकम | सि.नं. | व्ययतर्फ विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | **१९०५५९४४.११** | १ | **चालु खर्च** | **२१६११३९६७.५५** |
| | क) नगद | ०० | २ | **पूँजीगत खर्च** | **९८५३४८५६.१६** |
| | ख) बैंक | १९०५५९४४.११ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | **००** |
| २ | **राजस्व (आन्तरिक आय)** | **४८०८०३६९.६३** | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ४४३२६२३.४३ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ४३६४७७४६.२० | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | ०० | ४ | **लगानी** | **००** |
| ३ | **वित्तीय हस्तान्तरण** | **२०३३९६२८२.००** | | ऋण लगानी | |
| | क)वित्तीय समानीकरण अनुदान | ७८७००००००.०० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | ११०५५९७०३.०० | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | १४१३६५७९.०० | ५ | **समपुरक अनुदान** | **००** |
| | घ) विशेष अनुदान | ०० | ६ | **धरौटी फिर्ता** | **६१०५०००.००** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **९३४२२००.००** | ७ | **कोष खर्च** | **००** |
| | क)वित्तीय समानीकरण अनुदान | ६६८३०००.०० | ८ | **मौज्दात** | **७७५४७५५.०३** |
| | ख) सशर्त अनुदान | ०० | | क) नगद मौज्दात | ०० |
| | ग) समपूरक अनुदान | ०० | | ख) बैंक मौज्दात | २२४३३८६६.२० |
| | घ) विशेष अनुदान | २६५९२००.०० | | ग) धरौटी मौज्दात | १९७६०००.०० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | (घ)चेक साट्न वांकी | (१७१४४६८५.१७) |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | (ङ)फिनल्यान्ड फिर्ता | ६४४६८.०० |
| | क) ऋण प्राप्ति | | | (च) धरौटी जम्मा गर्न वाँकी | ४२५१०६.०० |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) ब्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७. | **जनसहभागिता (नगद)** | | | | |
| ८ | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| ९ | **धरौटी आय** | **८५१५१०६.००** | | | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | |
| ११ | **अन्य विविध आय (जेष्ठ नागरीक अपांग,बहुक्षेत्रीय,प्रदेश स्थानीय तह क्षमता विकास,प्रधानमन्त्री रोजगार,गरीव संग विश्वेश्वर र शिक्षा निर्देशनालय)** | **४०११८६७७.००** | | | |
| | **जम्मा** | **३२८५०८५७८.७४** | | **जम्मा** | **३२८५०८५७८.७४** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण असार १० गते सभामा पेश गरि असार २२ गते गाउँसभाबाट पारीत गरेको छ। | |
| २. | **लेखा स्रेस्ता** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गर्दा वजेट सीमाभित्र खर्च भएको छ, भन्ने आधार रहेन भने खर्च नियमसंगत र पादरदर्शी छ भन्न सकिएन। | |
| ३. | **आर्थिक विवरण फरक परेको** : आर्थिक कार्यबिधि ऐन, २०५५ वमोजिम श्रेष्ता अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार वर्षान्तमा चेक साटृन वाँकी रु १,७१,४४,६८५/१७ देखाई हिसाव मिलान गरेको छ । सो पुष्टृयाईको लागि वैंकहिसाव मिलान विवरण वनाएको छैन । जस्वाट आर्थिक विवरण तथा वैंक मौज्दातको यर्थाथता यकिन गर्न सकिएन । तसर्थ वैंक हिसाव मिलान गरेको विवरण पेश गरी चेक साटृन वांकीको पुष्ट्याई गर्नु पर्ने देखिएको रु | १,७१,४४,६८५/१७ |
| ४. | **संचितकोष** : कार्यालयको संचितकोषको हिसाव अध्यावधिक गरेको छैन । वित्तिय समानिकरण चालु र पुँजिगत खातामा वचत रकम आर्थीक वर्षको अन्त्यमा सञ्चित कोष दाखिला गरी खाता शुन्य गरेको छैन् । साथै असार मसान्त सम्म चालु खातामा रु.९६,३४,२०९/३० वाँकि रहेकोमा मुल खातामा ट्रान्सफर गरी खाता शुन्य गर्नु पर्नेमा गरेको छैन । गाउँपालीकाले ऐन नियमको पालनामा ध्यान दिनु पर्ने देखिन्छ । | |
| ५. | **कोष फिर्ता** : गाउँपालीकाले आर्थिक वर्षको अन्त्यमा वचत रहेको फ्रिज हुने रकम संघिय संचित कोषमा फिर्ता गर्न वाकी रहेको देखिएकोले निम्नानुसारसंघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | १,९९,७०९/- |

| विषय/निकाय | निकासा | खर्च | वचत |
|---|---|---|---|
| स्थानीय निकाय शशर्त पूजिगत | ८१००००० | ७९९७२२५ | १०२७७५.०० |
| सामाजिक सुरक्षा | २५९५२२०० | २५९२६६०० | २५६००.०० |
| प्रधानमन्त्रि रोजगार कार्यक्रम | ३६२६४७७ | ३५५५१४३ | ७१३३४.०० |
| **जम्मा** | **३,७६,७८,६७७/-** | **३,७४,७८,९६८/-** | **१,९९,७०९/-** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६. | **लक्ष्य प्रगतिको स्थिति** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्र स्तरीय आयोजनामध्ये अधिकांश आयोजनाको उक्त नियमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरी पेश गरेको देखिएन। | |
| ७. | **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालिलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो सम्वन्धमा परीक्षण हुंदा गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि | |

| | | |
|---|---|---|
| | निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ तयार नगरेको, भ्रमण खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, गाउँपालिका,वडाहरुवाट विषयगत शाखाको भिन्ना भिन्दै जिन्सी दाखिला गरेको भएपनि जिन्सीको एकिकृत अभिलेख व्यवस्थित नगरेको जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ । | |
| ८. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउंपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन । | |
| ९. | **आन्तरीक आम्दानी :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले रसिद नियन्त्रण खाता नराखेको,समयमा नगदी रसिद बाट प्राप्त रकम हिसाव गरी गाउँपालीकाको खातामा जम्मा गरेको देखिएन । वडा कार्यलयहरुले दाखीला गरी विवरण पेश गरेको आधारमा कार्यालयले आम्दानी जनाउने गरेको देखियो । राजस्व असुली र दाखिलाको विवरण संलग्न गरी मासीक फाटवारी समेत तयार नगरेकोले राजस्व आम्दानीबारे यर्थाथता यकिन गर्न सकिएन । कार्यालयको आर्थिक विवरण अनुसार गाउँपालीकाले आन्तरीक कर दस्तुर बहाल कर(डोजर,एम्बुलेन्स भाडा) तर्फ जम्मा रु.४४,३२,६२३/४३ आम्दानी जनाएको छ । कानुनत स्थानीय तहले घर वहाल कर बापतको रकम मात्र आफ्नो स्थानीय संचित कोषमा दाखिला गर्न पाउने व्यवस्था छ । कार्यालयले दिएको विवरण अनुसार रु २०,७५,३६०/४३ बहाल कर बापतको आम्दानी देखिन्छ । जसमध्ये रु.४,२८,४००/-मात्र घर बहाल कर भएकोले बाँकि रु १६,४६,९६०।- डोजर,गाडी भाडा लगायतको भाडा कर भएकोले उक्त रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | १६,४६,९६०/- |
| १०. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ मा सामाजिक सुरक्षा पाउनेको नामावली अनुसूची १३ अनुसारको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउपालिकाले उक्त व्यवस्थाको पालना गरेको देखिएन । साथै सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण वेभसाइटमा राख्नु पर्ने र यस सम्बन्धी सूचना एफ.एम. मा प्रचार प्रसार गर्नुपर्नेमा गरेको देखिएन । कार्यविधिमा उल्लेखित प्रावधान पूर्ण रुपमा पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली व्यवस्थित गर्नुपर्ने देखिएको छ । | |
| ११. | **सार्वजनिक निर्माणतर्फ :**<br>सार्वजनि खरिद नियमावली २०६४ को नियम ९७(६) वामोजिम उपभोक्तालाई हरेक किस्ताको भुक्तानी प्राविधिक मुल्याङ्कन तथा प्रमाणित विल भरपाईको आधारमा मात्र भुक्तानी दिन सकिने व्यवस्था छ । कार्यालयले निम्नानुसारको योजनामा माटोको कार्य गर्दा माटोको जम्मा कटान गरेको परिमाण भन्दा माटोको वर्गिकरणमा वढी देखाई वढी परिमाणको भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु. | २७,८५,८९३/७७ |

| योजनाको नाम | जाम्मा कटान परीमाण | माटोको वर्गिकरण | | | | | जम्मा | फरक |
|---|---|---|---|---|---|---|---|---|
| | | OS | HS | SR | MR | HR | | |
| स्याडा देखी लोकन्डा सडक | ५.११८ | | ५६७.९ | १४४.८ | ५४२.१० | ३९४१.२५ | ५१९६.०५ | ४८.०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धामिगाउँ देखि किडन्ला सडक | १५११९८.६० | | ११२३९.८२ | ५५७.१० | २४७६.१६ | २०७६.९२ | १६३६०.२४ | ११६१.६४ |
| तवपन गौरव योजना समिति | ७४३५.२० | | ४११४.८ | | ०० | ४२१२ | ८१५९.७८ | ७२४.५८ |
| ढुंगाल सडक निर्माण | २९६१६ | | २११७६.७६ | | ७३१८.५२ | १२७८.३८ | २९२७३.६५ | १५७.६५ |
| जम्मा | | | | | | | | २०९१.९२ |

**उपरोक्त वमोजिम वढी देखाएको परिमाणको असुल हुनु पर्ने रकम**

| सि.नं. | विवरण | वढी देखिएको परिमाण | दर | भुक्तानी |
|---|---|---|---|---|
| १ | MR | ७.८१ | २८२.४२ | २२०५.७ |
| | HR | ७०.२४५ | १२१९.७८ | ८५६८३.४४ |
| | | | | **८७८८९.१४** |
| | | | Less १०% UC | ८७८८.९१ |
| | | | **Total** | **७९१००.२३** |
| २ | HS | ७९८.८ | ८२.६९ | ६५९८६.६६ |
| | SR | ४० | २८२.४२ | ११२५६.८० |
| | MR | १७६.१० | २८२.४२ | ४९७३४.१६ |
| | HR | १४७.१० | १२२५.७३ | १८०८४४.२० |
| | | | | **३०७८६१.८२** |
| | | | Less १०% UC | ३०७८६.१८ |
| | | | **Total** | **२७७०७५.६४** |
| ३ | HR | ३९८.५२ | १२१९.७६ | ४८६०९७.५३ |
| | HS | ३२६.०६ | ८२.६९ | २६९६१.९८ |
| | | | | **५१३०५९.५१** |
| | | | Less १०% UC | ५१३०५.९५ |
| | | | **Total** | **४६१७५३.५६** |
| ४ | HS | ११२ | ८२.६९ | ९२६१.२८ |
| | MR | ३८.७६ | २८२.४२ | १०९४६.५९ |
| | HR | ६.६३ | १२२५.७३ | ८१२६.५९ |
| | | | | **२८३३४.४६** |
| | | | Less १०% UC | २८३३.४४ |
| | | | **Total** | **२५५०१.१४** |
| | | | **Grand Total** | २७८५८९३.७७ |

१२. **नापी किताव पेश नभएको :** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३ (१)ख अनुसार निर्माण कामको प्राविधिक मुल्यांकन एवं नाँपजाँचको आधारमा नापिकिताव तयार गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले संचालन गरेका निमनानुसारको सडक योजनाहरुको नापी किताव नराखेकोले मुल्याङ्कन विल यथार्थता यकिन हुन सकेन । अत नियमको पालना गराउनु पर्दछ । यसरी नापि किताव नराखि मुल्यांकन एवं भुक्तानी भएको केहि उदाहरणहरु निम्न छन् ।

| योजनाको नाम | कार्यको विवरण | मुल्याङ्कन |
|---|---|---|

| | | |
|---|---|---|
| तपोवन गौरव योजना | माटो काट्ने | ५५०१६५४.४९ |
| धामिगाउँ देखि किडन्ना सडक | माटो काट्ने | ४३७५१४७.१७ |
| | ग्याविन कार्य | १०४४३८१.०३ |
| स्यागाड देखि लोकन्डा सडक | माटो काट्ने | ५०७०३०६.७३ |
| | ग्याविन | ४९३०१५.९२ |
| विकुली दारुगाउँ सडक | माटो काट्ने | २१५६१२०.७५ |
| ढंगना सडक निर्माण | माटो काट्ने | ५५०१०७२.६४ |
| | जम्मा : | २,४१,४१,६९८/७३ |

१३. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम २०६४ को नियम १०(२) बमोजिम स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । ३ नं.वडा कार्यालयको लागत अनुमान तयार गर्दा स्टोन सोलिङ कार्यको क्वान्टीटी क्यालकुलेसन मा १३.९१ घ.मी. मात्र रहेकोमा एवस्ट्रायाक अफ कस्टमा २८.४२ घ.मी देखाएकोले सोको आधारमा तयार भएको लागत अनुमानमा ४३.५३ घ.मी.बढी उल्लेख गरेको देखिंदा प्रति घनमिटर ६,४०८।७२ को दरले हुने रु २,७८,९७१।५८ ले वढी लागत अनुमान तयार गरेको र सोही वमोजिम संझौता एवं भुक्तानी हुंदा वढी भुक्तानी हुन गएको रकम असुल हुनु पर्ने देखिएको रु. — २,७८,९७१/५८

१४. **परिमाण वढी देखाएको :** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३ (१)अनुसार निर्माण कामको प्राविधिक मुल्यांकन एवं यर्थाथ नाँपजाँचको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । म्यारी सिंचाई कुलोमा १५०० रनिङ मिटर पाईप खरीद गरेको देखियो र अन्य निकायवाट पाइप प्राप्त गरेको नदेखिएको अवस्थामा पाइपलाइन कार्यको मापन हुंदा माटो खन्ने र पुर्ने कार्यमा २१०६ रनिङ मिटर पाईप देखाएकोले ६०६ मिटरको कार्य वढी देखाएकोले वढी भुक्तानी भएको रकम असूल गर्नु पर्ने रु. — २,२२,९६६/३२

| कामको विवरण | परिमाण | दर | जम्मा |
|---|---|---|---|
| Earthwork Excavation | 606x0.4x0.9=218.16 | ९८२.६२ | २१४३६८.३७ |
| Back Filling | 6x0.4x0.9=216 | १५४.५० | ३३३७२.०० |
| | | less 10 % Uc | २४७४०.३७ |
| | | Total | २,२२,९६६/३८ |

१५. **कार्य सम्पादन जमानत :** आर्थिक कार्यविधि ऐन २०५५ को दफा ५२ (क) बमोजिम पेश्की जमानत लिनु पर्ने व्यवस्था छ । निम्नानुसार स्वास्थ्य भवनको ठेक्का प्रक्रियावाट कार्य गरेकोमा प्रत्येक भवनमा लागत अनुमान को तुलनामा ठेक्का रकम करिव वरावर रहेको देखियो । ठेक्का सम्झौता गर्नु अघि कार्य सम्पादन जमानत लिनु पर्नेमा लिएको छैन साथै मोविलाइजेसन पेश्की दिंदा अग्रीम ग्यारेन्टी लिएको नदेखिएकोले अनियमित देखिएको रु. — २४,३९,७१८/२०

| **योनानाको नाम** | **ठेक्का रकम** | **लिनु पर्ने कार्यसम्पादन जमानत रकम** | **मोविलाइजेसन पेश्की** | **जम्मा रकम** | **निर्माण व्यवसायी** |
|---|---|---|---|---|---|
| ठेक्का नं.११ | ३२६८०८५.२० | १६३४०४.२५ | ६५६०००. | ८१९४०४.२५ | प्रभु जया श्री मष्टा कन्स्ट्रक्सन |
| ठेक्का नं.१२ | ३२५९६०८ | १७२९८०.४० | ६३६००० | ८०८९८०.४० | धनलक्ष्मी कन्स्ट्रक्सन |
| ठेक्का नं.१३ | ३२८६६७१ | १७४३३३.५५ | ६५७००० | ८३१३३३.५५ | मनिस निर्माण सेवा |
| | | ५१०७१८.२० | १९४९०००. | २४,५९,७१८/२ | |

१६. **स्वकीय सचिवको व्यवस्था :** स्थानिय सरकार संचालन ऐन २०७४ तथा सुदुर पश्चिम प्रदेश

<table>
<tr><td></td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय सरकारको पदाधिकारीको लागि स्वकिय सचिवको नियुक्ती सम्बन्धि व्यवस्था छैन । गाउँ कार्यपालिकाले मिति २०७५/४/८ मा निर्णय गरी कमल थापा लाई मासिक १२,०००।- तलव दिने गरी स्वकीय सचिवमा नियुक्ती गरेको छ । नियुक्त गर्ने व्यवस्था नभएको अवस्थामा स्वकीय सचिव नियुक्त गरी खर्च लेखेकोले नियुक्त गर्ने पदाधिकारीबाट असुल हुनु पर्ने दसै भत्ता समेत रु.</td><td>१,५६,०००/-</td></tr>
<tr><td>१७.</td><td>विलभर्पाई नपुगेको :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले निम्नानुसार विल भर्पाई भन्दा वढी भुक्तानी गरेको रकम सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल हुनु पर्ने देखिएको रु
<table>
<tr><th>गो.भौ. र मिति</th><th>कार्यक्रमको नाम</th><th>विलभर्पाई अनुसारको रकम</th><th>भुक्तानी खर्चलेखेको रकम</th><th>असुल हुनु पर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td>५७/२०७५/८/१३</td><td>विविध खर्च</td><td>३९०००</td><td>९५०००</td><td>५६०००.००</td><td>विल भर्पाई नपुगेको</td></tr>
<tr><td>आ.ले.प. प्रतिवेदन</td><td>विविध खर्च</td><td>११६००</td><td>२२०००</td><td>१०४००.००</td><td>अमर राज उपाध्याय हटपट होटल विल नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५०६००</td><td>११७०००</td><td>६६,४००/-</td><td></td></tr>
</table></td><td>६६,४००/-</td></tr>
<tr><td>१८.</td><td>कन्टिजेन्सी रकम नकटाएको :नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कन्टिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले विभिन्न योजनमा छुट्टाएको रकमको ५ प्रतिशतले हुने रकम अग्रमि रुपमानै छुट्टाई कनटिजेन्सी खातामा आम्दानी वाँधि सोही खातावाट विभिन्न शिर्षकमा खर्च गर्ने गरेको देखियो ।यसरी योजनामा छुट्टाएको रकम वाट एक मुष्ट कन्टिजेन्सी वापत छुट्टाई सकेपछि । प्रतेक योजनाको रकम भुक्तानी दिंदा भुक्तानीको अवधिमा सम्वन्धित योजनका भुक्तानी दिंदा कट्टा गर्नु पर्नेमा सोवमोजिम नगरी छुट्टाएको् शत प्रतिशत रकम भुक्तानी दिएकोले सवै योजनामा ५ प्रतिशत रकम वढी भुक्तानी हुन गएको देखिन्छ । तसर्थ योजनाको कुल वजेट रु ६ करोडको रु ३० लाख दोहोरो परेको  देखिएको छ । तसर्थ यो वर्ष योजनामा खर्च  भएको वजेट यकिन गरी दोहोरो परेको रकम असूल गर्नु पर्दछ । यसरी नियमानुसार कन्टिजेन्सी नकटाई भुक्तानी दिएको रकम यकिन गरी असुल एवं फिर्ता दाखिला गरेको प्रमाण पेश हुनु पर्ने देखिएको रु</td><td>३०,००,०००/-</td></tr>
<tr><td>१९.</td><td>कर विजक वेगर मु.अ.कर भुक्तानी : मुल्य अभिवृद्दिकर ऐन २०५२ तथा नियमावली २०५३ वमोजिम मु.अ.कर कर विजक जारी गरेको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा मु.अ.कर वाहेकको रकम मात्र  भुक्तानी दिनु पर्ने देखिन्छ । उपभोक्ता समिति मार्फत गराउने कामको लागत अनुमान तयार गर्दा मु.अ.कर लाग्ने आईटम सिमेन्ट,तारजाली,रड लगायतको सामाग्रीमा मु.अ.कर सहितको लागत अनुमान तयार गरेको देखिन्छ ।यसरी तयार गरेको लागत अनुमान अनुसार कामको मुल्यांकन भई सोको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा मु.अ.कर लाग्ने सामाग्री खपत हुने P.C.C. Plaster,Reinforcement workलगायतमा प्रयोग हुने  नर्म्स अनुसार प्रति घ.मी.कामको अनुपातमा खपत भएको सामाग्रीहरुको भुक्तानीमा मु.अ.कर समेत थप गरी भुक्तानी भएकोले सो रकमको कर विजक जारी गर्नु पर्नेमा देहाय अनुसारका उपभोक्ता समिति हरुले कर विजक पेश नगरेको , पेश गरेकोमा घटी रकमको पेश गरेको, मु.अ.करमा दर्ता नभएको खुला विल पेश गरेको देखियो । यसरी करविजक वेगरको मु.अ.कर भुक्तानी दिन कानुन वमोजिम मिल्ने देखिंदैन । तसर्थ करविजक वेगर मु.अ.कर भुक्तानी भएको रकम निम्नानुसार असुल गर्नु पर्ने देखिएको रु</td><td>८०,४५२/-</td></tr>
</table>

| गो.भौ र मिति | उपभोक्ता समिति | कर विजक वेगरको रड र तारको मुल्य | असुल हुनु पर्ने १.५ प्रतिशत अग्रिम कर र मु.अ.कर रकम |
|---|---|---|---|
| ४३३/०७६/२/३३ | किडल प्रसुतिभवन निर्माण उ.स. | १४१२८८ | १७४४४.०० |
| ५७१/०७६/३/२० | वडा नं. ४ भवन निर्माण उ.स. | ४३०४०४ | ५५९५२.०० |
| ४४२/०७६/२/२९ | धामी गाउँ सडक | ५४२८० | ७०५६.०० |
| | **जम्मा** | | **८०,४५२/-** |

२०. **वढी भुक्तानी :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कनटिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कामको भुक्तानी दिंदा सोको उपभोक्ता समितिलाई संझौता अनुसार रु.४,४२,४१,८१७/-मात्र भुक्तानी दिनु पर्नेमा रु ४७,०२४,०२९/- भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु २७,८२,२१२/-असुल हुनु पर्ने रु २७,८२,२१२/-

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | कामको मुल्यांकन | उपभोक्ता को अंश | भुक्तानी दिनु पर्ने रकम | भुक्तानी दिएको रकम | वढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| ३६०/०७६/१/१७ | स्याडा सडक निर्माण | | ५५,२९,३१७ | १० | ४९८४१२६ | ५००००००| १५८७५ |
| ३६२/०७६/२/१७ | जिउला तड बन्धन | ७,२६,४१५ | ७,२६,४१५ | २० | ५,८१,१३२ | ६,००,००० | १८,८६८- |
| ३९१/०७६/२/१० | ऐटिगाउँ सि.कु.नि. | ४,८३,३५७ | ४,८३,३५७ | २० | ३,८६,८४५ | ४,००,००० | १३,१५५ |
| ४००/०७६/२/१७ | नाउली सिंचांइ कुलो | ७,२०,१३४ | ७,२०,१३४ | २० | ५७६१०७ | ६००००० | २३८९३ |
| ४१०/०७६/२/२१ | दातोल वडा गाउं सडक | ५५,००,१९० | ५५,००,१९० | १० | ४९५०१७१ | ५०००००० | ४९८२९ |
| ४२३/०७६/२/२४ | दातोल खौला सि.कु. | २४,००,००० | २३,५७,०२८ | १७ | १९५६३३३ | २०००००० | ४३६६७ |
| ४२६/०७६/२/२४ | मालढुंगा शाखा सडक | ५५०१०७२ | ५५०१०७२ | १० | ४९५०९६४ | ५०००००० | ४९०३६ |
| ४२७/०७६/२/२४ | वाठवाला प्रा.वि. | ७०१०१२ | ७०१०१२ | २० | ५६०८०९ | ६००००० | ३९१९१ |
| ४३३/०७६/२/२७ | किढल प्रसुति भवन | १४३६९६७ | १४३६९६७ | २० | ११४९५७३ | १४३६९६४ | २८७३९१ |
| ४४२/०७६/२/२९ | धामीगाउं किडल सडक | ५५१००८८ | ५५१००८८.०० | १० | ४५९९०७९ | ५०००००० | ४००९२१ |
| ४४३/०७६/२/२९ | विश्वनाथ प्रा.वि.भवन | ९६०००० | ८३०४८० | २० | ६६४३८४ | ७२६८६४ | ६२४८० |
| ४४६/०७६/२/३० | माले गौंडा सडक | ४४००३९ | ४३१३६७ | १० | ३८८२३० | ४००००० | ११७७० |
| ४६१/०७६/३/२५ | न्यायीक समिति सचिवालय | २५७५९० | २५७५९० | १० | २३१८३१ | २५७५९० | २५७५९ |
| ५७२/०७६/३/२० | कैलास सेती राजमार्ग | ९६४८७९ | ८६८३९१ | १० | ७८१५५२ | ८७७१६० | ९५६०८ |
| ६०७/०७६/३/२४ | वडा नं. ६ भवन निर्माण | ५४४०७९२ | ५११५२५८ | १० | ४६०३७३२ | ५०००००० | ३९६२६७ |
| ६१४/०७६/३/२४ | दातोल लघु जल विधुत | ४६५५६० | ४१२००० | १० | ३७०८०० | ५००००० | १२९२०० |
| ६३२/०७६/३/२६ | राजाडा सडक | ५५२९१६ | ५५२९१६ | २० | ४९७६२४ | ५००००० | २३७६ |
| ३६२/०७६/२/ | तिउला | ७२६४१५ | ८४६४१५ | २० | ६७७१३२ | ६९७००० | १९८६८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | तडवन्ध उ.स. | | | | | | |
| ५२३/०७६/३/१९ | तल्ला स्याडा मल्लो सडक | ४४०४४५ | ४३५४४५ | १० | ३९१९०० | ३९५००० | ३१००.०० |
| ५४१/०७६/३/२० | थारखोला सि.कु. | ९६८७१० | ९४४७७९ | २० | ७५५८२३ | ७८४७७९ | २८९५६ |
| ५२०/०७६/३/१८ | च्याङ जुठ्यान | ७३३४९६ | ७२०१५३ | २० | ५७६१२२ | ६००००० | २३८७८ |
| ५७१/-७६/३/२० | वडा नं. ४ भवन निर्माण | ३६५१४३७ | ३६५१४३७.०० | २० | २९२११५० | ३६५१४३७ | ७३०२८७ |
| ५/०७६/२/२९ | विकुली डांडा गााउं सडक | २२०१६७२ | २१५६१२० | १० | १९४०५०८ | १९५६१२० | १५६१२ |
| ६/०७६/३/२६ | जडिवुटि पहुंच मार्ग | ५६,६९,४०५ | ५१२३४५६ | ११.८ | ४५१८८८८ | ५०००००० | ४८१११२ |
| ७/०७६/३/२६ | रुपताला राम्जी सडक | ११४९४२७ | ११४११०५. | १० | १०२६९९४ | १०४११०५ | १४१११ |
| | जम्मा | | | | ४४,२४१,८१७ | ४७,०२४,०२९ | २७,८२,२१२/- |

२१. **ग्रामिण जलस्रोत चालु तर्फ :**

**कर विजक जारी नभएको :**सार्वजनिक खरीद नियमावली २०६४ को नियम १९ अनुसार २० हजार भन्दा माथिको कारोवारमा भ्याट विल जारी गर्नु पर्ने व्यवस्था छ । परियोजनाले आफ्नो उदेश्य पुरा गर्न खानेपानी,सरसफाई तथा जिविकोपार्जन सम्वन्धि योजना तथा कियाकलापहरु संचालानार्थ समाजिक विकास केन्द्र,नेपाल (एन्जीओ) संग २०७५ पौष देखि आषाढ मसान्तसम्म लागु हुने गरी सहयोगी संस्थाको सेवा शुल्क वापत रु.१८,५२,२८२/-,तालीम खर्च रु.४,४०,४९७/- गरी जम्मा रु.२२,५६,८८०/- विभिन्न चार किस्तामा लागत व्यहोर्ने गरी मिति २०७५ पौष १ गते सम्झौता गरेको देखिन्छ । सम्झौताको बुंदा नं.७ मा कर सम्वन्धि व्यवस्था छ । जसमा प्रस्ताव गरेको रकममा प्रचलित कानून अनुसार लाग्ने सबै कर,आयकर लगायत अन्य करहरु समावेश भएको उल्लेख छ । नियमानुसार श्रोतमा नै कट्टी गर्नुपर्ने कर गाउँपालीकाले संस्थालाई निकासा दिदा कट्टी गर्ने उल्लेख छ । यस सम्झौता संग सम्वन्धित विषयमा नेपाल सरकारको प्रचलित नियमानुसार कुनै कर बुझाउनु पर्ने भएमा सो सम्बन्धि जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ भनि सम्झौता गरेको देखिन्छ । सम्झौताको शर्त अनुसार गाउँपालीकाले श्रोतमा नै कर कट्टी गरी निकासा दिएको देखिदैन । संस्थाले प्रत्येक पेश्की र अन्तीम पेश्की फछ्र्यौट गर्दा सम्म नियमानुसारको कर विजक जारी गरेको छैन । उक्त संस्था कर छुट पाउने संस्था भए सोको कर छुट बापतको प्रमाण पेश गर्नु पर्ने देखिन्छ । यसरी नियमानुसार र सम्झौताको सर्त अनुसार श्रोतमा कर कट्टी र नियमानुसारको भ्याट विल जारी नगरेकोले राज्यलाई कर बापतको राजस्वमा नोक्सान हुन पुगेको देखिन्छ । तसर्थ कर कट्टी नगरेको कर रु.३,३८,५३२।- राजस्व दाखिला हुनु पर्ने रु. ३,३८,५३२/-

२२. **प्राविधिक मुल्याङ्कन :**सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३ (१)अनुसार सार्वजनिक निकायले निर्माण कार्यको रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी दिंदा संझौताको शर्त अनुसार भएको कामको यर्थाथ रुपमा प्राविधिक नाँपजाँच गराई वास्तविक कार्य मुल्यांकन अनुसार नापि किताव तयार गरी सोही वमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ ।निम्नानुसारको केही योजनामा आंशिक प्राविधिक मुल्याङ्कन गरेको र केही योजनाको सामाग्री मात्र मुल्याङ्कन गरेको पाइएकोले वास्तविक कार्य कति भएको हो सो को प्राविधिक मुल्याङ्कन गरेको छैन । साथै खरिद गरिएका जिन्सीको साइट लेजर नराखेकोले वस्तुको प्रयोग र वाँकी मौज्दात समेत यकिन गर्न सकिएन ।

| योजनाको नाम | मुल्याङ्कन देखाएको रकम |
|---|---|
| सिकिन्थाडी खा.पा योजना | ६७८७४९०.०० |
| धामिगाउँ निजीधारा खानेपानी योजना | ४४७९७६६.०० |
| वडिगाउ निजीधारा खानेपानी योजना | ३४२९०२६.०० |
| किन्दन्न बिजीधारा खानेपानी योजना | २३२४८३२.०० |

| | |
|---|---|
| पानीखोला निजिधारा खानेपानी योजना | ३२२६४७०.०० |
| लुगाडा परम्परागत सिंचाई योजना | ११५५०००.०० |
| जम्मा : | २,१४,०२,५८४/- |

२३. **चांग जुठान निर्माण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । निम्नानुसार योजनाको मिनिवार चांग जुठान र सुधारीएको चुलो वनाएको उल्लेख गरी भुक्तानी दिएकोमा सो कार्य क-कसको घरमा वनाईएको सो खुल्ने प्रगति विवरण पेश हुन नआएकोले खर्चको यर्थाथता यकिन हुन सकेन । तसर्थ सोकार्यको पूर्ण विवरण सहितको प्रगति प्रतिवेदन पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु ९,७२,२८३/-

| भौ.नं.,मिति | विवरण | संख्या | रकम |
|---|---|---|---|
| ३०/२०७६/३/५ | चाङ जुठान | ६१ | १०३२००.०० |
| ३२/२०७६/३/२९ | चाङ जुठान | ६९ | १११८००.०० |
| ३७/२०७६/३/२९ | सुधारीएको चुलो | ५० | १५१४६२.०० |
| ३८/२०७६/३/२९ | चाङ जुठान | | १३१०००.०० |
| ४२/२०७६/३/२९ | सुधारीएको चुलो | | ४७४८२१.०० |
| | **जम्मा** | | **९,७२,२८३/-** |

२४. **सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नमुना परीक्षण गर्दा कार्यालयले २०७५/०७६ मा देहाय बमोजिम रु.२८,९७,५१२/०८को छपाई, कार्यालय सामान, उपकरण आदि खरिद गरेको देखियो । खरिद कार्यमा सवैको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी यसलाई मितव्ययी प्रतिष्पर्धात्मक र गुणस्तरीयता बनाउन कार्यालयले ध्यान दिनुपर्छ ।

| **गो.भौ.नं./मिति** | **आपूर्तिकर्ताको नाम** | **खरिद विवरण** | **रकम रु.** |
|---|---|---|---|
| २४/०७५/६/२३ | सफटेक इन्फो प्रा.ली | सफ्टवयर खरीद | १४५७७० |
| ६६/०७५/८/१३ | सगुन ट्रडर्स एण्ड अडर सप्लायर्स | कार्यालय सामान | २४४८४९.५८ |
| | पुष्प प्रिन्टर्स एण्ड स्टेशनरी उद्योग प्रा.ली | योजना छपाई | १४२००० |
| ८०/०७५/८/२८ | उग्रतारा टेक्नीकल गुड्स एण्ड सप्लायर्स | कार्यालय सामान | ३९६०४२ |
| ८६/०७५/९/१ | पुष्त प्रिन्टसं एण्ड स्टेसनरी उद्योग | प्रोफाइल तयार | १५३६८० |
| १७९/२०७५/११/३ | झन्कार इलेक्ट्रोनिकल उद्योग प्रा.ली | | ३७२९०० |
| | क्लिन स्टार मल्टि सर्भिसेज प्रा.ली | | ३७२९०० |
| १८८/०७५/११/७ | निर्जला फर्निचर उद्योग प्रा.ली | फर्निचर | ४९६०७० |
| २६३/०७५/१२/१४ | होम टाउन इन्टरप्राइजेज | कार्यालय सामान | ४७३३००.५० |

| | | | | |
|---|---|---|---|---|
| | २४/०७५/९/२७ | होम टाउन इन्टरप्राइजेज | कम्प्युटर | १००००० |
| | | | | २८,९७,५१२/०८ |

| | | |
|---|---|---|
| २५. | **मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को नियम ६(ग) अनुसार ठेक्का वा करार अर्न्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्धिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वयन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयं कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको तथा लेखापरीक्षणवाट यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु. | १९,८५०/- |

| भौ.नं.र मिति | व.उ.शि.नं. | आपूर्ति कर्ताको नाम | स्थायी लेखा नं. | बिलको मिति | कुल भुक्तानी रकम | मु.अ. कर रकम | दाखिला हुनु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|
| ६४८/०७६/३/२० | | सेती निर्माण सेवा | ३०३०७८२६० | ०७६/३/३१ | १२४०४७५.०० | १४२७०.०० | ७१३५.०० |
| ७/०७६/३/२६ | ८०१८५५३ | भान्जा ईलेक्टोनिक्स | ६०१३०९१३९ | ०७६/२/३२ | ८४,६३७.०० | ९७३८.०० | ४८६८.०० |
| ४४/०७६/३/२६ | शिक्षा | सुरत हाडवोयर | ६००९३०५३८ | ०७६/३/१४ | १३६४२४.०० | १५६९४.०० | ७८४७.०० |
| **जम्मा** | | | | | | | **१९८५०** |

| | | |
|---|---|---|
| २६. | **नर्म्स भन्दा वढी नोक्सानी कटाएको :**३५०।०७६।१।१७ कुखुरा पालन व्यवसायको लागि चल्ला वितरण गर्ने कार्यको लागि चल्ला खरिद वापत एवं वितरण को लागि प्रा.स. हर्क सार्की लाई दिएको पेश्की फछ्र्यौटमा संलग्न वील भर्पाई को परीक्षण हुंदा खरिद भएका ६०० चल्ला मध्ये ५२५ वटा वितरण गरेको र वाँकी चल्ला मरेको भनी खर्च दावि गरेको देखिन्छ ।साथै कृषि निर्देशिका तथा कृषिको नर्मस वमोजिम १० प्रतिशत सम्म Mortality Rate रहेकोले सो भन्दा वढी नोक्सानी दावि गर्न नपाईने हुंदा सो भन्दा वढी खर्च दावि गरेको १५ थानको २८५ को दरले हुने रु ४,२७५। सम्वन्धित व्यक्तीवाट असुल गर्नु पर्ने रु | ४,२७५/- |
| २७. | **भाडा खर्च दोहोरो दावि गरेको :**३८४।०७५।२।९ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । टेण्डर डकुमेन्ट तयार गर्न भनी ०७६।१।१६ देखि ०७६।१।२२ सम्म भ्रमण आदेश स्वीकृत गरी विजय खाति लाई खटाएकोमा निजले सो वापत खर्च दावि गर्दा निजको भ्रमण आदेश मा भ्रमण खर्चमा जिप स्वीकृत भएको र सोही वमोजिम जिपको भाडा खर्च दावि गरेकोमा पुन जिप रिजर्भ गरेको भनी अलगै जिप भाडा दावि गरे वमोजिम रु १०,०००।–भुक्तानी गरेको देखिएकोले दोहोरो भ्रमर्ण खर्च दावि गरेको रकम असुल हुनु पर्ने देखिएको रु | १०,०००/- |
| २८. | **शिर्षक फरक पारी खर्च गरेको :**३८२।०७६।२।९ आर्थिक कार्यविधि नियमावली २०६४ वमोजिम तोकिएको शिर्षकमा वजेटको सीमा भित्र रहि खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालय संचालनको | |

| | | |
|---|---|---|
| | लागि रु १,५८,०००।- निकासा भएकोमा सो शिर्षकमा रु ५०,०००।- मात्र खर्च लेखि वांकी सवै रकम खाजा खर्च र वैठक भत्तामा खर्च लेखको देखिएकोले तोकीएको शिर्षकमा खर्च नगरी खाजा खर्चको विल राखि फरक शिर्षकमा खर्च लेखेको अनियमित देखिएको रु | १०८,०००/- |
| २९. | **अग्रिम आयकर :**आयकर ऐन २०५८ को दफा ८८ एवं ८९ अनुसार कर कट्टा गरी भुक्तानी दिनु पर्नेमा सो वमोजिम कट्टा नगरेको र कट्टा भएको रकम समेत ऐनको दफा ९० अनुसार दाखिला नगरेकोले देहाय अनुसार कर कट्टा एवं दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु | ३५,९४४/- |

| गो.भौ. र मिति | भुक्तानी विवरण/भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | कट्टा गर्नु पर्ने करको दर | घटी कट्टा गरेको रकम असुल गर्नु पर्ने |
|---|---|---|---|---|
| ५०७/०७६/३/१५ | प्रशिक्षक भत्ता | ३०,०००/- | १५ | ४५००.०० |
| ५६५/०७६/३/३० | प्रशिक्षक भत्ता | ३०,०००/- | १५ | ४५००.०० |
| ५५४/०७६/३/२० | वैठक भत्ता | ५४,०००/- | १५ | ८१००.०० |
| ४०५/०७६/२/१७ | प्रशिक्षक भत्ता | ३४,५००/- | १५ | ५१७५.०० |
| आ.ले.प प्रतिवेदन | झंकर ईलेक्टोनिक्स चुल्हो खरिद | ६६०००० | १.५ | ९९००.०० |
| आ.ले.प प्रतिवेदन | पाथिभेरा मिडिया हाउस | ८१००० | १.५ | १०७६.०० |
| आ.ले.प प्रतिवेदन | भैतेगाड सिंचाई कुलो उ.स. | १२२५३३ | १.५ | १८३८.०० |
| आ.ले.प प्रतिवेदन | भैतेगाड सिंचाई कुलो उ.स. | ६००० | १० | ६०० |
| आ.ले.प प्रतिवेदन | भैतेगाड सिंचाई कुलो उ.स. | २५५०० | १ | २५५.०० |
| | जम्मा : | | | ३५,९४४/- |

| | | |
|---|---|---|
| ३०. | **आर्थिक सहायता:** ६०६।०७६।३।२६ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस शिर्षकवाट आर्थिक सहायता वापत रु ५,४९,५००।– भुक्तानी खर्च लेखकोमा विभिन्न व्यक्ती हरुको नाम उल्लेख गरी वडा अध्यक्षहरुले हस्ते भनी वुझिलिएको ,प्राप्त लिस्ट अनुसार रु ६१,०००।- को भर्पाई समेत नभएकोले आर्थिक सहायता लक्षित समुहले प्राप्त गरेको सम्वन्धमा विश्वस्त हुने आधार देखिएन । तसर्थ सो सम्वन्धमा थप छानविन गरी वास्तविक असाहयलाई वुझाएको प्रमाण पेश हुनु पर्ने रु | ५,४९,०००/- |
| ३१. | **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सूविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सूविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस गाउँपालीकाले सो सूविधा वापत देहाय बमोजिम वार्षिक रु.४३,८१,२००/- भूक्तानी भएको छ । | |

| सि.नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ७जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०००० | २५००० | २०००० | ८००० | ५००० | |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | ११०० | १००० | | | | |
| | **मासिक जम्मा** | ३११०० | २६००० | १४०००० | ४८००० | १२०००० | ३६५१०० |
| | **वार्षिक जम्मा** | | | | | | ४३,८१,२००/ |

| | | |
|---|---|---|
| ३२. | **पदाधिकारी भत्ता :** सुदुर पश्चिम प्रदेशले मिति २०७५।३।३ मा पारित गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको | |

आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सञ्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ। उक्त ऐनमा वैठक भत्ता सम्वन्धमा कुनै व्यवस्था गरेको देखिंदैन । वडा संचालन खर्च भनि वडा सचिवले पेश्की फछ्र्यौट गर्दा नियमानुसार वैठक भत्तामा खर्च लेखेको देखिएकोले ऐनको उक्त व्यवस्था अनुसार सो भत्ता खर्च लेख्न नपाउने हुंदा निम्नानुसार असुल हुनु पर्ने रु. ८,१०,१२०/-

| वडा नं. | वैठक भत्ता रकम | कैफियत |
|---|---|---|
| १ | ९१८००.०० | वैठक भत्ता |
| २ | ९१८००.०० | वैठक भत्ता |
| ३ | १८१८००.०० | अनुगमन समेत |
| ४ | १३९५७०.०० | वैठक भत्ता |
| ५ | ६२९००.०० | वैठक भत्ता |
| ६ | ५३५५०.०० | वैठक भत्ता |
| ७ | ११९०००.०० | वैठक भत्ता |
| भौ.नं.१२०।२०७५।९।२६ | ५४४००.०० | न्यायिक समितिको विभिन्न बैठक |
| भौ.नं.२५६।२०७५।१२।१३ | १५३००.०० | न्यायिक समिति वैठक |
| जम्मा | ८,१०,१२०/- | |

३३. **पारिश्रमिक कर:** आयकर ऐन २०५८ को दफा ८ अनुसारको जम्मा वार्षिक रोजगारी आय मा ऐन वमोजिम कट्टी गर्न पाउने अवकाश कोष कट्टी रकम,दुर्गमभत्ता छुट,विमा छुट पछिको कर योग्य आयमा ऐनको अनुसूचि १ को दफा १(२) तथा आर्थिक ऐन २०७५ अनुसार कर कट्टी गर्नु पर्ने व्यवस्था छ । निम्नानुसार घटी कटाएको कर रकम असुल गरी दाखिला हुनु पर्ने रु. १,६५०/-

| कर्मचारीको नाम | रोजगारीबाट प्राप्त जम्मा वार्षिक आय | छुट रकम | करयोग्य आय | दाखिला गर्नु पर्ने कर | दाखिला भएको | छुट भएको रकम |
|---|---|---|---|---|---|---|
| विजय खाती | ५४१७२० | ५०००० | ४९१७२० | १३१७० | ११५२० | १,६५०/- |

३४. **आन्तरीक लेखापरीक्षण :**स्थानीय सरकार संचालन ऐन २०७४(२) तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था छ । कोष तथा लेखानियन्त्रक कार्यालयबाट आन्तरीक लेखा परीक्षणगरी प्रतिवेदन दिएको छ । आन्तरीक लेखापरीक्षणवाट औंल्याईका मुख्य व्यहोरा निम्नानुसार छन् । आन्तरीक लेखापरीक्षकबाट औंल्याईएको वेरुजू फछ्र्यौट गरिनु पर्दछ ।

३४.१ **कर विजक :**मुल्य अभिवृद्दिकर ऐन २०५२ को दफा १४ अनुसार दर्ता भएको व्यक्तीले वस्तु वासेवा आपूर्ति गर्दा प्रापकलाई कर विजक जारी गरी दफा ८ अनुसार मु.अ.कर असुल गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न सामान प्राप्त गरे वापत भुक्तानी भएको मु.अ.कर र आपूर्तिकर्ताले जारी गरेको कर विजक सम्वन्धमा देहाय अनुसार कैफियत देखिएकोले सो सम्वन्धमा रित पूर्वकको कर विजक पेश गरी सम्वन्धित आन्तिरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा भुक्तानी भएको मु.अ.कर रकम असुल हुनु पर्ने रु ५४,१९७/-

| गो.भौ र मिति | भुक्तानी विवरण | आपूर्ति कर्ता | भुकतानी रकम | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| | सूचना प्रकाशन | पाथिभारा मिडिया | ९८१९७ | ११२९७ | नन्फाईलर पान नं. इन भ्यालिड(३०८०१०००५) |
| वडा नं ४ | चुलो खरिद | झंकार ईलेक्टोनिक्स | ३७२९०० | ४२९०० | विल नं. ००२ टिपेक्स लगाईएको विजक पेश |
| | | जम्मा : | ४७१०९७ | ५४,१९७/- | |

<table>
<tr><td>३४.२</td><td>दोहोरो भ्रमण खर्च : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालीका उपाध्यक्ष धनलक्ष्मी खत्रीलाई विभिन्न स्थानमा भ्रमण गरेको विलको रकम भुक्तानी दिंदा एउटै मितिको भ्रमण विल वाट दोहोरो भुक्तानी गरेको देखिएकोले यस्तो दोहोरो भुक्तानी गर्ने पदाधिकारलई जिम्मेवार वनाई मिति २०७५/६/२१-६/२७ र मिति २०७५/६/२२-६/२९ सम्म भुक्तानी भएको एउटा विलको दैनिक भ्रमण भत्ता रकम रु ११,४००।-असुल हुनु पर्ने रु.</td><td>११,४००/-</td></tr>
<tr><td>३४.३</td><td>ड्राईभिङ ट्रेनिङ खर्च : स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको बजेट तथा सीमा र दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जमा समितिले पेश गरेको बार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकाले स्वीकृत गरि दफा ७१ बमोजिम गाउंसभामा पेश गर्नुपर्ने र गाउंसभाले स्वीकृत गरी बजेट तथा योजना कार्यान्यन गर्नुपर्नेमा कानुनमा भएको व्यबस्था विपरित नेपाल सरकारबाट प्राप्त समानीकरण २०७४ को दफा ६६,६७ र ७१ बमोजिम बजेट बाडफाड गरी गाउंसभाबाट अनिर्वाय रुपमा स्वीकृत गरी गराइ बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु गराउन पर्नेमा सो वमोजिम वजेट वाँडफाँड नगरी निम्नानुसार वडा अध्यक्ष हरुलाई ड्राईभिङ ट्रेनिङ वापत भुक्तानी दिएको देखियो । सुदुर पश्चिम प्रदेशले मिति २०७५।३।३ मा पारित गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा यस्तो खर्च भुक्तानी दिन मिल्ने व्यवस्था गरेको नदेखिएकोले असुल हुनु पर्ने देखिएको रु
<table>
<tr><th>वडा नं.</th><th>वडा अध्यक्षको नाम</th><th>भुक्तानी लिएको रकम</th></tr>
<tr><td>१</td><td>गोपाल धामी</td><td>९९०३३.००</td></tr>
<tr><td>२</td><td>अंकल कुंवर</td><td>९९०३३.००</td></tr>
<tr><td>३</td><td>भरत वोहरा</td><td>९९०३३.००</td></tr>
<tr><td>४</td><td>मनवहादुर घर्ती</td><td>९९०३३.००</td></tr>
<tr><td>५</td><td>कृष्ण वहादुर सार्की</td><td>९९०३३.००</td></tr>
<tr><td>६</td><td>छप्यारु जेठरा</td><td>९९०३३.००</td></tr>
<tr><td></td><td>जम्मा :</td><td>५,९४,१९८/-</td></tr>
</table></td><td>५९४१९८/-</td></tr>
<tr><td>३४.४</td><td>वडा भित्रको अनुगमन भत्ता : सुदुर पश्चिम प्रदेशले मिति २०७५।३।३ मा पारित गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहको आन्तरीक स्रोत समेतको आधारमा मासिक पारीश्रमिक,दफा ४ मा यातायात सुविधा,दफा ५ मा पत्रपत्रिका र सन्चार सुविधा र दफा ६ मा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ । यो सुविधा वाहेक अन्य सुविधा नपाउने दफा १२ मा उल्लेख गरेको छ । भ्रमण खर्च नियमावली २०६४ को नियम ७(८)मा १५ कि.मी. भित्र भ्रमणमा खटिएको अवस्थमा दैनिक भत्ता नपाउने व्यवस्था छ ।साथै आफ्नो वडाभित्र अनुगमन तथा भ्रमण गर्दा अनुगमन एवं दैनिक भत्ता पाउने व्यवस्था स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ ले समेत गरेको देखिंदैन । यस गाउँपालिकाले निम्नानुसारका वडा अध्यक्ष हरुलाई प्रत्येक वडामा २४ दिनको अनुगमन गरेको भनी भ्रमण आदेश तथा भ्रमण विल वेगरनै एक मुष्ट रु १ लाखको दरले अनुगमन भत्ता भुक्तानी दिएको देखियो । यसरी ऐन नियममा व्यवस्था नभएको कार्य एवं शिर्षकमा भुक्तानी गरेको सुविधा रकम सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल गर्नु पर्ने देएिको रु
<table>
<tr><th>वडा नं.</th><th>वडा अध्यक्षको नाम</th><th>भुक्तानी लिएको रकम</th></tr>
<tr><td>१</td><td>गोपाल धामी</td><td>१०००००.००</td></tr>
<tr><td>२</td><td>अंकल कुंवर</td><td>१०००००.००</td></tr>
<tr><td>३</td><td>भरत वोहरा</td><td>१०००००.००</td></tr>
<tr><td>४</td><td>मनवहादुर घर्ती</td><td>१०००००.००</td></tr>
<tr><td>५</td><td>कृष्ण वहादुर सार्की</td><td>१०००००.००</td></tr>
<tr><td>६</td><td>छप्यारु जेठरा</td><td>१०००००.००</td></tr>
<tr><td>७</td><td>देव वहादुर धामी</td><td>१०००००.००</td></tr>
<tr><td></td><td>जम्मा :</td><td>७,००,०००/-</td></tr>
</table></td><td>७,००,०००/-</td></tr>
</table>

| | | |
|---|---|---|
| ३५. | **सेवा प्रवाह स्थिति :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिका,नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । कार्यालयले गाउँपालीकाका वडा तथा कार्यालयबाट सिफारिस तथा पंन्जिकरण सम्वन्धी कार्यहरुको अभिलेख राखेको देखिएन । सम्पादित सेवा प्रवाहको तथ्यांक तथा सोको व्यवस्थित अभिलेख राखी त्यसको प्रभावकारिताको सम्वन्धमा अनुगमन तथा मूल्यांकन गरेको देखिएन । स्थानीय सेवा प्रवाहको सम्वन्धमा गाउँपालिकालाई जिम्मेवार तथा जवाफदेही बनाउनु पर्दछ । | |
| ३६. | **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । कायालयले यो वर्ष न्यायिक समितिमा कुनै पनि किसिमको उजुरी नपरेकोले मुद्दा दर्ता, फछ्र्यौट तथा अन्य निकायमा लेखी नपठाएको विवरण प्राप्त भएको छ । | |
| ३७. | **पेश्की:** आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ७९ वमोजिम कर्मचारी एवं निकायले लिएको पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले दिएको निम्न पेश्की वर्षान्त सम्म फछ्र्यौट भएको नदेखिएकोले नियम अनुसार उक्त पेश्की असुल फछ्र्यौट गर्नु पर्ने रु. | ८१,६१,०००/- |

| सि.नं | मिति | पेश्कि लिनेको नाम | यस बर्षको पेश्कि |
|---|---|---|---|
| १ | २०७६/१/१४ | सेती निर्माण सेवा | ५००००००.०० |
| २ | २०७६/१/१७ | गोपाल धामि वडा अध्यक्ष वडा नं. १ | २८००००.०० |
| ३ | २०७६/१/१७ | अक्कल कुवर वडा अध्यक्ष वडा नं.२ | २८००००.०० |
| ४ | २०७६/१/१७ | भरत वोहोरा वडा अध्यक्ष वडा नं.३ | २८००००.०० |
| ५ | २०७६/१/१७ | मन बहादुर धर्ती वडा अध्यक्ष वडा नं.४ | २८००००.०० |
| ६ | २०७६/१/१७ | कृष्ण वहादुर सार्कि वडा अध्यक्ष वडा नं.५ | २८००००.०० |
| ७ | २०७६/१/१७ | प्यारु जेठारा वडा अध्यक्ष वडा नं.६ | २८००००.०० |
| ८ | २०७६/३/१९ | कटेरा भैसी पालन समुह अध्यक्ष पूर्ण सार्की | ८००००.०० |
| ९ | २०७६/३/२० | सुलभ एण्ड सुस्मिता कन्सलटेन्सी | १४०००००.०० |
| १० | २०७६/३/२६ | जाग्रीति निर्माण सेवा | ९५५०००.०० |
| ११ | २०७६/३/११ | मनिष निर्माण सेवा | ६५७०००.०० |
| १२ | २०७६/३/२६ | धनलक्ष्मी कन्सल्टेन्सी | ७३६०००.०० |
| १३ | २०७६/३/२६ | जय प्रभु मष्टा निर्माण सेवा | ६५३०००.०० |
| १४ | २०७६/३/२५ | सुलभ एण्ड सुस्मिता कन्सलटेन्सी | १५०००००.०० |
| | | **जम्मा** | **८१,६१,०००/-** |

३८. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेको छ। यस गाउँपालिकाले कार्यालयको नाममा हालसम्म फछ्र्यौट हुन बाँकीको वेरुजुको लगत अध्यावधिक गरेको छैन । लेखापरीक्षण अवधिमा वेरुजु फछ्यौट गरी संपरीक्षणको को लागि पेश गरेको छैन । गत वर्षको वैरुजु र फछ्र्यौटको स्थिति निम्नानुसार देखिएको छ। रु हजारमा

| गत वर्षको वेरुजू रकम (रु) .A | यो वर्ष फछ्र्यौट (B | बाँकी (C=A-B) |
|---|---|---|
| १९२३३ | ० | ९२३३ |

लेखापरीक्षणको क्रममा औल्याईए पछि सामाजिक सुरक्षा दोहोरो वितरण भएको रु.२,३९,८००,आयकर कट्टी नगरेको रु.२५,८१० र फिनल्याड सरकार शशर्त फिर्तानगरेको रु. ६४,४६८समेत जम्मा रु. ३,३०,०७८/-असुल भई राजस्व खातामा दाखिला गरेको प्रमाण पेश भएको छ ।

अनुसूची- १

## तलकोट गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

(रु हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| तलकोट गाउँपालिका | बझाङ | **१९०५६** | ८५३८३ | १२७३५५ | ९६७१५ | **३०९४५३** | २१६११४ | ९८५३५ | ६१०५ | **३२०७५४** | **७७५५** |

अनुसूची– १

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोध भनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| बझाङ | तलकोट | १५ | २७ | ४३१७४ | ० | ० | ० | १५ | २७ | ४३१७४ | १०७४५ | २५४८ | २१७२० | | | **२४२६८** | ० | ८१६१ | ८१६१ |

अनुसूची- ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | तलकोट गाउँपालिका | **बझाङ** | **९२३३** | ० | ९२३३ | ० | ४३१७४ | ५२४०७ |